मिति : नेपाल संवत् ११४४ चिला ५ ।

तिथि : नेपाल संवत् ११४४ सिलाथ्व द्वादशी ।

च.नं. : REQ-२-४४

प.सं. : २

श्री राष्ट्रिय मानव अधिकार आयोग, यल (ललितपुर) ।

विषय : नेवाः जाति अन्तर्गत पर्ने जुगि उप-जातिको परम्परागत आवासमा आवासको मानव अधिकारका सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा हामी हलिं नेवाः दबू, विश्व नेवाः संगठन **(World Newah Organization)** नेपालको नेपाल मण्डलका आदिवासी र हाल विश्वमा छरेर बसेका नेवाःहरूको १५ देशहरूमा फैलिएको एक अन्तर्राष्ट्रिय संगठन हो ।

यल (ललितपुर) महानगरपालिका वडा नं १६ बस्ने रुक्शना कपालीले राष्ट्रिय मानव अधिकार आयोगमा दर्ता गराएको निवेदन (दर्ता नं ११९९, दर्ता मिति २०८०/०८/१७) हामीलाई प्राप्त भई अध्ययन गर्ने मौका पायौं । सोही विषयमा यस विश्व नेवाः संगठनको ध्यानाकर्षण भएको छ ।

नेपालमा १०० भन्दा बढी जातजातिको अस्तित्व रहेझैं नेवाः जाति भित्र पनि ६४ भन्दा बढी जातजाति समुदायको अस्तित्व रहेको पाइन्छ । तिनै समुदायहरू मध्ये कपाली, दर्शनधारी, कुश्ले थर भएका जुगि समुदाय नेवाः जातिको एक अभिन्न तथा पृथक उप-जाति वा समुदाय हो ।

नेवाः जाति अन्तर्गतका यस जुगि जाति परापूर्वकाल देखि सतःछेँ नामक संरचनामा बसोबास गर्दैआइरहेको एक ऐतिहासिक तथ्य हो । नेवाः सांस्कृतिक जीवनसँग परिचित अग्रज व्यक्तिहरूका निम्ति यो एउटा सामान्य तथा सर्वमान्य तथ्य हो ।

सरल ढङ्गले बुझ्नुपर्दा तल्लो तल्ला वा भुइँ तल्ला हेर्दा पाटीपौवा जस्तै खुल्ला रहने तथापि तिनको माथिल्लो तल्लाहरूमा आवसीय घर रहने संरचना नै सतःछेँ हो । सतःछेँहरू त्यसैले न्यूनतम दुई तल्ला देखि बहुतल्ले हुन्छन् ।

राज्यले सतःछैँहरूलाई समेत पाटीपौवाको नामाङ्कन तथा वर्गिकरण गर्दा प्रचलित कानून बमोजिम सार्वजनिक सम्पत्तिको दायरामा पर्न गएको छ । यसरी परापूर्वकाल देखि जुगि समुदायको बसोबास भएका सतःछैँहरू पाटीपौवाका नामले सरकारी कागजातमा दायर हुँदा स्वतः जुगि समुदायलाई अधिकारविहीन अवस्थामा धकेलिदिएको छ ।

यति मात्र नभएर उनीहरूलाई सार्वजनिक सम्पत्ति मिचेको वा सरकारी जग्गामा बसेको समेत आरोप लाग्ने गरेको पाइयो । अझ प्रचलित कानून बमोजिम सार्वजनिक तथा सरकारी जग्गा प्रयोग गरेको कसूरमा अपराधिकरण समेतको जोखिममा यो समुदाय रहेको छ ।

लिच्छवीकाल देखि त्यस्तै संरचनाहरूमा बसोबास गर्दै आइरहेको समुदायले वर्तमान सरकारबाट उक्त सम्पत्ति मिच्न सक्ने अवस्था हुँदैन । बरू वर्तमान राज्यले भने जुगि समुदायको घर आवासलाई मिच्न थालेको हो ।

मानव सभ्यताको प्राक्काल देखि गाँस, बास र कपाँसलाई मानव जीवनको आधारभूत आवश्यकताका रूपमा लिइएको अवस्थामा जीवन धान्न पाउने तथा बाँच्न पाउने अधिकारसँग प्रत्यक्ष जोडिएको आवासको हक एक महत्वपूर्ण मानव अधिकार हो ।

निज रुक्शना कपालीले यस आयोगमा दर्ता गराएको निवेदन (दर्ता नं ११९९, दर्ता मिति २०८०/०८/१७) मा माग बमोजिमका कार्य गरी जुगि समुदायको मानव अधिकारको रक्षा गरिदिनहुन यस विश्व नेवाः संगठनबाट सिफारिस साथ अनुरोध छ ।

संयुक्त श्रेष्ठ

संयुक्त श्रेष्ठ
अध्यक्ष
विश्व नेवाः संगठन